लोक सेवा आयोग

नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रशासन, प्रशासन, प्रशासन, चौथो, सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७९।०५।०३

पत्र : द्वितीय

समय : २ घण्टा ३० मिनेट

पूर्णाङ्क : १००

विषय: **सेवा सम्बन्धी**

| प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

**खण्ड "क"** **५० अङ्क**

१. पत्र व्यवहार भनेको के हो? पत्र व्यवहार गर्दा ध्यान पुऱ्याउनुपर्ने पक्षहरू उल्लेख गर्नुहोस् । २+३=५

२. जिन्सी व्यवस्थापन गर्नुपर्नाका कारणहरू उल्लेख गर्नुहोस् । ५

३. सार्वजनिक प्रशासनको कार्यक्षेत्र उल्लेख गर्नुहोस् । ५

४. संगठनमा जनशक्तिको महत्वबारे उल्लेख गर्नुहोस् । ५

५. समूह निर्माणको आवश्यकता प्रस्तुत गर्दै समूह गतिशिलताको महत्व के पाउनुहुन्छ? खुलाउनुहोस् । २.५+२.५=५

६. व्यवस्थापकीय नेतृत्व भन्नाले के बुझ्नुहुन्छ? उल्लेख गर्दै यसका विशेषताहरूको सूची तयार पार्नुहोस् । २+३=५

७. सार्वजनिक सेवा प्रवाह भन्नाले के बुझ्नुहुन्छ? यसको महत्वको बारेमा छोटकरीमा वर्णन गर्नुहोस् । ५

८. सार्वजनिक सेवा वडापत्र भन्नाले के बुझ्नुहुन्छ? उल्लेख गर्नुहोस् । ५

९. अभिलेख भन्नाले के बुझ्नुहुन्छ? अभिलेख व्यवस्थापनको आवश्यकताको चर्चा गर्दै अभिलेख व्यवस्थापनका चरणहरू उल्लेख गर्नुहोस् । २+४+४=१०

**खण्ड "ख"** **५० अङ्क**

१०. नेपाल नागरिक उड्डयन प्राधिकरणको सञ्चालक समितिको अध्यक्ष कुन-कुन अवस्थामा पदमा कायम रहन सक्दैनन्? उल्लेख गर्नुहोस् । ५

११. नागरिक उड्डयन नियमावलीअनुसार उडानको समयमा वायुयानमा राख्न नहुने व्यक्तिहरू को-को हुन्? उल्लेख गर्नुहोस् । ५

१२. नेपाल नागरिक उड्डयन प्राधिकरणमा कार्यरत कर्मचारीहरूको आचरणसम्बन्धी के-कस्तो कानूनी व्यवस्था रहेको छ? उल्लेख गर्नुहोस् । ५

१३. परलमोल नखुलेको मालसामान लिलाम बिक्रि गर्दा कुन तहका कार्यालय प्रमुखलाई कति मूल्यसम्मको मालसामान लिलाम बिक्रि गर्ने अधिकार रहेको हुन्छ? सूची तयार पार्नुहोस् । ५

क्रमशः

१४. नागरिक उड्डयन सुरक्षा नियमावली, २०७३ बमोजिम नेपालका विमानस्थलमा अवतरण हुने वायुयानमा अनाधिकृत हस्तक्षेप भएमा वा हुन सक्ने आशंका भएमा सुरक्षा व्यवस्था कसरी मिलाउनु पर्दछ? उल्लेख गर्नुहोस् । ५

१५. भ्रष्टाचार भन्नाले के बुझ्नुहुन्छ? भ्रष्टाचार बढ्नुका कारणहरू उल्लेख गर्नुहोस् । २+३=५

१६. पर्यटन क्षेत्रको विकासको लागि हवाई सेवा प्रभावकारी बनाउन नेपाल नागरिक उड्डयन प्राधिकरणको भूमिका उल्लेख गर्नुहोस् । ५

१७. श्रम ऐन, २०७४ अनुसार श्रमिकप्रति रोजगारदाताको कर्तव्यहरू के-के छन्? उल्लेख गर्नुहोस् । ५

१८. हवाई नीति, २०६३ का नीतिगत उद्देश्यहरू के-के रहेका छन्? उक्त उद्देश्यहरू पूरा गर्ने क्रममा प्राधिकरणले चालेका सकारात्मक कदमहरूको बारेमा चर्चा गर्नुहोस् । ५+५=१०

:: समाप्त ::